फानः ०६१-५०६४००

# मादी गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०

मिति :२०८०/०३/२१

चलानी नं : ४४१८

मादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
थुमाकोडाँडा, कास्की
गण्डकी प्रदेश, नेपाल

### सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धी अत्यन्त जरूरी सूचना ।

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) अनुसार सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेको लाभग्राहीले आ.व. २०८०/०८१ मा सामाजिक सुरक्षा प्राप्त गर्न तोकिएको ढाँचामा सम्बन्धित वडा कार्यालयमा नवीकरणको लागि निवेदन दिनुपर्ने व्यवस्था भए बमोजिम लाभग्राहीहरू स्वयं वडा कार्यालयमा उपस्थित भई मिति २०८० श्रावण १ गते देखि भदौ मसान्त भित्र अनिवार्य रूपले आ-आफ्नो सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नुहुन सम्बन्धित सबैमा अनुरोध छ ।

### सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न वडा कार्यालयमा आवश्यक पर्ने कागजातहरू:

- नागरिकताको प्रमाणपत्र प्रतिलिपि १ प्रति,
- माछापुच्छ्रे बैंकको चेक प्रतिलिपि १ प्रति,
- एक प्रति हालसालै खिचेको लाभग्राहीको अटो साइजको फोटो १ प्रति,
- दलित बालबालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै संरक्षकको नागरिकताको प्रतिलिपि र चेक १ प्रति,
- विधवा महिलाको हकमा पतिको मृत्युदर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,
- हालसम्म विवाह नगरेको ६० वर्ष उमेर पुगेको महिलाको हकमा वडाको सिफारिस,
- अपाङ्गता भएका व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गताको परिचयपत्रको प्रतिलिपि र पूर्ण अपाङ्गताको हकमा अनिवार्य संरक्षकको नागरिकताको प्रतिलिपि १,
- साथै बालबालिका या आफै उपस्थित हुन नसक्ने व्यक्तिहरूको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले समेत निवेदन दिन सक्नेछन ।

२०८०/३/२१

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**नोट:**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ४ को उपदफा ६ बमोजिम म्याद भित्र नवीकरण नभएमा लाभग्राहीको लगतकट्टा गरिने र भत्ता प्राप्त हुनेछैन साथै लगतकट्टा भएका व्यक्तिले पुनः लाभग्राहीमा सूचिकृत हुन चाहेमा सामाजिक सुरक्षा ऐन, २०७५ को दफा १२ बमोजिम निवेदन दिन सक्ने व्यवस्था रहेकाले सोहि अनुसार गर्नु, गराउनुहुन सम्पूर्णमा जानकारीको लागि अनुरोध छ ।